आठराई त्रिवेणी गाउँपालिका

खण्डः संख्याः प्रकाशित मितिः २०७९/०९/१२

शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७६ को मर्म र भावनालाई आधार मानी नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम आठराई त्रिवेणी गाउँपालिकाले यो "**आठराई त्रिवेणी गाउँपालिका शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९**" जारी गरिएको हो ।

भाग — ०२

आठराई त्रिवेणी गाउँपालिका

# शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९

प्रस्तावनाः आठराई त्रिवेणी गाउँपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयमा रहेको शिक्षक विद्यार्थी संख्याको गणितिय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकोले आठराई त्रिवेणी गाउँपालिकाको गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा (११) ज.११ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान कार्यविधि बनाइएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(क) यस कार्यविधिको नाम "आठराई त्रिवेणी गाउँपालिका शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि आठराई त्रिवेणी गाउँपालिका भर लागु हुनेछ ।

(ग) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिका बुझ्नु पर्नेछ ।

(ख) "अध्यक्ष" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको अध्यक्ष लाई बुझ्नुपर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले आठराई त्रिवेणी गाउँपालिका उपाध्यक्ष लाई बुझ्नुपर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्दछ ।

(च) "गाउँ शिक्षा समिति" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(छ) "दरबन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी, करार, राहत, अनुदान कोटाका शिक्षक तथा अन्य स्केल अनुसार अनुदानको तलव भत्ता पाउने शिक्षकलाई सम्झनुपर्दछ ।

(ज) "ऐन" भन्नाले आठराई त्रिवेणी गाउँपालिका शिक्षा ऐन, २०७८ (दोस्रो संशोधन) तथा शिक्षा ऐन, २०२८ संसोधन सहित लाई बुझ्नुपर्दछ ।

(झ) "नियमावलि" भन्नाले आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावली, २०७९ तथा शिक्षा नियमावलि, २०५९ संसोधन सहित लाई बुझ्नुपर्दछ ।

(ञ) "तह" भन्नाले विद्यालयको तह बुझ्नुपर्नेछ ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले सामुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतप्राप्त विद्यालय सम्झनुपर्दछ ।

(ठ) "गाउँपालिका शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाभित्र स्थानिय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन तथा नियमावलि बमोजिम तोकिएको कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा युवा तथा खेलकुद शाखाको वरिष्ठतम कर्मचारी बुझ्नुपर्दछ ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) "विद्यालय समायोजन" भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा तह वा कक्षा घटाउने बुझ्नुपर्दछ ।

(ण) "विद्यालय व्यवस्थापन समिति" भन्नाले आठराई त्रिवेणी गाउँपालिका भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(त) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम कार्यविधिमा तोकिएको वा तोकिएको बमोजिम सम्झनुपर्दछ ।

## परिच्छेद — २
## विवरण अद्यावधिक

१. विवरण अद्यावधिक गर्नेः (१) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अद्यावधिक गर्नुपर्नेछ। विवरण अद्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या, तविद्यालयमा स्वीकृत तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खाने गरी शिक्षक छनौट प्रक्रिया पूरा गरी आएका हाल कार्यरत स्थायी, अस्थायी, करार, राहत तथा अनुदान शिक्षकहरुको विवरण अद्यावधिक गर्नुपर्नेछ । अवधि तोकि काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलवभत्ता पाउँदछन सोहि विद्यालयको शिक्षकमा गणना गर्नुपर्नेछ। अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ ।

२. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्नेः (१) विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्दा ४० जना विद्यार्थी बराबर एक जना शिक्षक मानी अनुपात निकाल्नुपर्नेछ ।

## परिच्छेद — ३
## विद्यालयगतरुपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरु

३.१ कक्षा १ — ३ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्युन विद्यार्थी संख्या रहेपनि न्युनतम २ ओटा दरबन्दी कायम गर्ने ।

३.२ खण्ड ३.१ बमोजिमको विद्यालयमा एकसठ्ठी (६१) जना विद्यार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ ओटा दरबन्दी कायम रहेको भए ३ (तीन) ओटै दरबन्दी कायम पार्ने । तर त्यस्तोमा १५० (एक सय पचास) जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा आठराई त्रिवेणी गाउँपालिका शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि, २०७९ अनुसार कायम गर्ने।

३.३ कक्षा १ — ५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्युन विद्यार्थी संख्या भएपनि न्युनतम ३ (तीन) ओटा सम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.४ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १२० देखी १४९ सम्म भई ४ जना शिक्षक कार्यरत रहेको (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) अवस्थामा ४ ओटा दरबन्दी कायम गर्ने।

३.५ खण्ड ३.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १५० जना वा सो भन्दा बढी भई त्यस विद्यालयमा ५ जनासम्म दरबन्दी रहेको भए ५ ओटै दरबन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा २५० जना भन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि अनुसार गर्ने ।

३.६ कक्षा १ — ८ सञ्चालन भएका सामुदायिक विद्यालयमा न्युनतम ७ जना (प्रा.वि. ३ जना र नि.मा.वि. ४ जना) शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.७ खण्ड ३.६ बमोजिमको विद्यालयमा २४० जना वा सो भन्दा बढी विद्यार्थी संख्या भई प्रा.वि. र नि.मा.वि. तहमा गरी ९ ओटासम्म दरबन्दी कायम रहेको भए यथावत रहन दिने, तर ४०० जना भन्दा वढी विद्यार्थी नपुग्दासम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि अनुसार गर्ने ।

३.८ कक्षा ९ — १० सञ्चालन भएका सामुदायिक विद्यालयमा ५ ओटासम्म (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) दरबन्दी कायम गर्ने । सोभन्दा शिक्षक संख्या थप वा घट गर्नु पर्दा विद्यार्थी संख्याको आधारमा आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि, २०७९ अनुसार गर्ने ।

३.९ कक्षा ९ — १२ सञ्चालन भएका सामुदायिक विद्यालयमा ८ (५ जोड ३) ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.१० खण्ड ३.९ बमोजिम भन्दा भढी शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) थप गर्नुपर्दा उच्च माध्यमिक शिक्षक दरबन्दी थप्नको लागि तयार भएको निर्देशिका अनुसार जिल्लामा प्राप्त कोटाको आधारमा गर्ने ।

३.११ कक्षा ६ — १० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्युन विद्यार्थी भए पनि न्युनतम ९ (नि.मा.वि. ४ र मा.वि. ५ जना) दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने।

३.१२ खण्ड ३.११ बमोजिम भन्दा बढी दरबन्दी थप गर्नु पर्दा गाउँपालिका भित्रका विद्यालयमा ३०० विद्यार्थी नपुग्दासम्म तहगत रुपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि, २०७९ कायम गर्ने ।

३.१३ कक्षा ६ — १२ सञ्चालन भएका सामुदायिक विद्यालयमा १२ जना (नि.मा.वि. ४, मा.वि. ५ र उ.मा.वि. ३) दरबन्दी (स्वीकृत वा राहत कोटा वा संघिय, प्रदेश तथा गाउँपालिका अनुदानको शिक्षक) कायम गर्ने ।

३.१४ खण्ड ३.१३ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी थप गर्नुपर्नु पर्दा आठराई त्रिवेणी गाउँपालिका भित्र विद्यालयमा ४०० विद्यार्थी नपुग्दासम्म तहगतरुपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि, २०७९ कायम गर्ने।

## परिच्छेद — ४

## दरवन्दी मिलानका थप प्रक्रिया र आधारहरु

४.दरवन्दी मिलानको क्रममा अपनाउने थप प्रक्रिया तथा आधारहरु

(क) आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि, २०७९ तोके बमोजिम न्युनतम विद्यार्थी संख्या र विषयका आधारमा तोकिएको न्युनतम शिक्षक संख्या हाल रहन दिने ।

(ख) न्युनतम विद्यार्थी संख्या कायम गर्दा आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि, २०७९ अनुसार तोकिएको विद्यार्थी संख्याको न्युनतम ४० प्रतिशत विद्यार्थी हुनुपर्ने । त्यसभन्दा कम विद्यार्थी संख्या भएमा त्यस्ता विद्यालयहरुलाई तह वा कक्षा घटाउने वा समायोजन तर्फ लैजाने व्यवस्था मिलाउने ।

(ग)हालको लागि खण्ड ४ (ख) उल्लेख भएको विद्यार्थी संख्या न्युनतम विद्यार्थी संख्याको रुपमा तोकिए पनि विद्यार्थी संख्या बढाई आठराई त्रिवेणी गाउँपालिका गाउँ शिक्षा ऐन, २०७८ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा नियमावलि, २०७९ अनुसार पुर्याउनु पर्ने ।

(घ)भौगोलिक विकटताको कारणले अप्ठेरो ठाउँमा रहेको र मर्ज गर्न नसकिने विद्यालयहरुमा बहुकक्षा शिक्षण पद्धति बमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

(ङ)कुनै विद्यालयमा दरवन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्तिसम्वन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गर्ने । तर जुन विद्यालयमा शिक्षक पदपुर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा गाउँपालिकाले शिक्षा विकास तथा समन्वय इकाइबाट अनुमति लिई शिक्षक नियुक्ति लागि प्रक्रिया अगाडि बढाउन अनुमति दिने व्यवस्था मिलाउने ।

(च)दरबन्दी मिलान गर्दा सबै सामुदायिक विद्यालयको हकमा न्युनतम विद्यार्थी संख्या र शिक्षक संख्या कायम गर्ने ।

(छ)गाउँपालिकाले आवश्यकतालाई ध्यानमा राखी जुनसुकै तहको पनि दरवन्दी मिलान गर्न सक्ने ।

## परिच्छेद — ५

## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापन

५. अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरुले चाहेको विद्यार्थी शिक्षक अनुपात बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने ।

६. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाउँदा विद्यार्थी संख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरुलाई सम्वोधन गर्ने ।

७. सर्वप्रथम सम्बन्धित वडा एवं नजिकको वडाका विद्यालयमा स्थानको उपलव्धता र शिक्षकहरुको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने । स्नातक उत्तीर्ण शिक्षकलाई माध्यमिक विद्यालयमा र स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म कक्षा ११ र १२ चलिरहेको मा.वि.मा पठाउने व्यवस्था गर्ने ।

८. दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकहरुको संख्या एकिन गरी साराशं विवरण तयार गर्ने ।

९. महिला र अपांग शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति बेगर कनिष्टतम् भएपनि पहिलो चरणमा अन्यत्र नपठाउने तथा त्यस्ता बढी हुन आउने शिक्षकलाई गाउँ शिक्षाको पुलमा राख्ने ।

१०. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दासम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गर्ने र शिक्षण व्यवस्थापन

अनुदान समेत वितरण नगर्ने । नियुक्ति र सरुवाको अनुमति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपात अनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ति गर्न अनुमति नदिने र सरुवा गरेर पनि पदपुर्ति नगर्ने । उक्त पद दरबन्दीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिने।

११. दरबन्दी नभएको विद्यालयमा मिलानपछि शिक्षक व्यवस्था गर्नु परेमा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरी काज सरुवा गर्ने ।

१२. शिक्षक दरबन्दीका मिलानका लागि खटाउदा फिडर प्रावि तथा लिडर माविको अवधारणा अनुसार विद्यालय नक्साङ्कनको आधारलाई समेत ख्याल राखी विद्यालयहरुमा खटाउन सिफारिस गर्ने ।

१३. विद्यालयहरुको आवश्यकताको आधारमा विषयगत शिक्षक नभएका विद्यालहरुमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम विषयगत मिलान गर्न सकिने ।मिलान गर्नुपुर्व सम्वन्धित शिक्षकलाई अनुसूची १ वमोजिमको फारम भराई निजले रोजे बमोजिमको सम्भव भए अनुसार विद्यालयमा मिलान गर्ने ।

१४. दरबन्दी मिलान कार्य अवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रवाट शिक्षक दरबन्दी मिलान सम्वन्धी कुनै नीति नियम निर्देशन वा कार्यविधि जारी भएमा सोहि अनुसार गर्ने गराउने ।

## परिच्छेद — ६
## दरवन्दी मिलान कार्यदलको गठन

१. दरवन्दी मिलान कार्य गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गर्न सकिनेछ । दरबन्दी मिलान समितिका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन:

क. गाउँपालिका अध्यक्ष — संयोजक

ख. गाउँपालिका प्रमुखबाट मनोनित गाउँकार्यपालिका सदस्य मध्येवाट एक जना महिला — सदस्य

ग. नेपाल शिक्षक महासंघका गाउँपालिका अध्यक्ष — सदस्य

घ. गाउँपालिका अध्यक्षबाट मनोनित गाउँपालिका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापक २ जना — सदस्य

ङ. शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखले तोकेको शिक्षा शाखाको प्रशासनिक एक जना कर्मचारी — सदस्य सचिव

२. शिक्षा युवा तथा खेलकुद शाखाका तथ्याङ्क हेर्ने सहायक कर्मचारी तथा अन्य दुई जना जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमा आमन्त्रित गर्न सकिनेछ ।

३. समितिको सचिवालय गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ ।

४. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेसनरी तथा कम्प्युटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

५. दरबन्दी कार्यदलको काम कर्तव्य र अधिकार

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी संख्या एकिन गर्ने ।

ख. शिक्षकहरुवाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावलि विवरण सहित सिफारिस गर्ने ।

ग. गाउँपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

परिच्छेद — ७

विविधः

१. कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

२. कार्यविधि संसोधनः यस कार्यविधिका प्रावधानहरुमा गाउँकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

३. बाधा अड्चन फुकाउः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका बिषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ ।

४. यस अघि गाउँपालिकाले शिक्षक दरबन्दी मिलानका लागि बनेका कार्यविधि यो कार्यविधि प्रमाणिकरण तथा लागु भए संगै खारेज हुनेछ।

५. यो कार्यविधिमा ब्यवस्था भएका कुराहरु प्रदेश वा संघीय शिक्षा ऐन, नियमावलि तथा कार्यविधिले ब्यवस्था गरेका कुराहरु सँग बाझिन गएमा स्वतः खारेज हुनेछन् ।

प्रमाणिकरण मितिः २०७९/०९/१२

अनुसूची १

# श्री आठराई त्रिवेणी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

आन्तरिक दरवन्दी मिलान कार्यविधी, २०७९ अनुसार विद्यालय छनौट निवेदन

विषयः विद्यालय छनौट सम्वन्धमा ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
आठराई त्रिवेणी गाउँपालिका, हाङपाङ, ताप्लेजुङ ।

महोदय,

प्रस्तुत विषयमा यस आठराई त्रिवेणी गाउँपालिकाको दरवन्दी मिलान कार्यविधी, २०७९ अनुसार गाउँपालिकाले गर्ने दरवन्दी मिलानमा मैले तपसिल अनुसारको विद्यालयहरु प्राथमिकता गरी छनौट गरेको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | विद्यालयको नाम | क्र.सं. | विद्यालयको नाम |
|---|---|---|---|
| 1. | | 18. | |
| 2. | | 19. | |
| 3. | | 20. | |
| 4. | | 21. | |
| 5. | | 22. | |
| 6. | | 23. | |
| 7. | | 24. | |
| 8. | | 25. | |
| 9. | | 26. | |
| 10. | | 27. | |
| 11. | | 28. | |
| 12. | | 29. | |
| 13. | | 30. | |
| 14. | | 31. | |
| 15. | | 32. | |
| 16. | | 33. | |
| 17. | | 34. | |

ल्याप्चे

| दायाँ | वायाँ |
|---|---|
| | |

नामः

तह/श्रेणीः

विषयः

माथिल्लो शैक्षिक योग्यताः

दस्तखतः

मितिः

मोवाइल नः